# नेपाल–चीन सम्बन्धमा सुबेदार बमप्रसादको भूमिका

**लक्ष्मी बस्न्यात***

## सार

*नेपाल-चीन सम्बन्ध नेपालको कुटनीतिक इतिहासमा सबैभन्दा पुरानो हो । परापूर्वकालदेखि वर्तमानसम्म नेपाल - चीन सम्बन्ध जीवन्त छ । नेपाल र चीनको सम्बन्धको ढोका भनेको तिब्बत नै थियो । तिब्बतसँगको कुटनीतिक उतारचढाबले नेपालले तीन पटक तिब्बतसँग मात्र र एक पटक चीन र तिब्बती संयुक्त सेना विरुद्ध लड्न समेत पर्यो । नेपालले अन्तिम भोट युद्ध वि.सं. १९११ मा लड्यो । वि.सं. १९११ पछि वि.सं. २०१७ साल अर्थात् १०६ वर्षपछि चिनियाँ सेनाको बन्दुकले नेपाली सेना मरेको र सुबेदार बमप्रसाद मारिएको घटना नेपालको कुटनैतिक इतिहासमा महत्त्वपूर्ण समेत छ । अनि सुबेदार बमप्रसाद नेपालको इतिहासमा आजसम्म हराएका व्यक्ति हुन् । त्यत्रो घटनामा मारिँदा पनि आजसम्म उनको परिचयसम्म प्रकाशन भएन । खम्पाहरूकै कारणले चिनियाँ सेनाद्वारा सुबेदार बमप्रसाद मारिएपछि पनि नेपालमा खम्पा भित्र्याउने काम रोकिएन । जसको परिणाम खम्पाहरूले चिनियाँ भूभागमा सशस्त्र विद्रोह गर्न थालेपछि त्यसलाई रोक्न चीनकै अनुरोधमा नेपालले वि.सं. २०३१ सालमा बृहत् खम्पा निशस्त्रीकरण सैनिक कारबाही नै गर्नुपर्‍यो । चिनियाँ सेना मुस्ताङ जिल्लाको नेपाली भूमिभित्र घुसेको हो वा होइन ? बुझेर तुरुन्त शाही खबर दिनु भन्ने नेपाल सरकारको आदेशअनुसार सीमा इलाकामा पट्रोल गएका सुबेदार बमप्रसादको टोलीमध्ये २०१७ असार १७ गते सुबेदार मारिए, अर्का १ जना सिपाही घाइते बने, ६ जना भाग्न सफल बने र १० जना चिनियाँ सेनाको कब्जामा परे । सुबेदारको लास र घोडासमेत उनीहरूले नै लगे । ती भागेका ६ जनाबाट उक्त घटनाबारे मुस्ताङमा रहेका नेपाली सेनाको क्याम्प र भारतीय सैनिक पोस्टलाई खबर गरेकाले नै भारतीय रेडियो सेटमार्फत् सोही दिन, सो खबर संसारभरि फैलियो र नेपालको राजधानीसम्म फैलियो । त्यसपछि नेपाल सरकारले कुटनीतिक तहबाट यो घटनालाई निर्क्यौलमा पुर्‍यायो । यो घटनालाई कुशल कुटनैतिक पत्राचार गरेर नेपालले राम्रो सफलता हासिल गरेको छ । शक्ति राष्ट्र चीनलाई माफी मगाएको र क्षतीपूर्ति तिराएको छ । नेपालको राष्ट्रिय इतिहासमा यो घटना एउटा नजिरसमेत बनेकोले विद्वान् र तथ्य इतिहास जान्न चाहने महानुभावहरूबाट थप अनुसन्धान हुनेछ भन्ने विश्वासका साथ यो आलेख तयार गरिएको छ । प्रस्तुत आलेख गुणात्मक अध्ययनमा आधारित छ । प्राथमिक र द्वितीय स्रोतका सामग्री यस आलेखमा विवरणात्मक रुपमा प्रस्तुत गरिएको छ । साथै यसमा विषयसँग सम्बद्ध विविध प्रकाशित लेख तथा रचनाहरू प्राप्त नभएकाले बमप्रसादका जीवित आफन्तहरूका वार्तालाई मुख्य आधार मानी आलेख तयार पारिएकाले तत् पक्षलाई प्रस्तुत अध्ययनको सीमा मानिएको छ । तत्कालीन अवस्थामा बमप्रसादका भै कार्य गरेका उनका सहकर्मी तथा उनका परिवारसँगको अन्तर्वार्ता र उनी सम्बद्ध प्रचलित सामाजिक कथन एवं उनका सम्बन्धमा लेखिएका पुस्तकका आधारमा प्रस्तुत आलेख तयार पारिएको छ । यसमा मुख्यतः नेपालका राष्ट्रसेवका व्यक्तित्व चिनियाँ सेनाद्वारा मारिनुको पृष्ठभूमि र कारणलाई विशेष रूपमा उजागर गर्ने प्रयत्न भएको छ ।*

**मुख्य शब्दहरूः** *दलाई लामा, चाउ एन लाई, लीलादेवी, खम्पा निशस्त्रीकरण, हिमाल राइफल कम्पनी, नेपाली सेना ।*

---

* *Lecturer, Faculty of Humanities, Tribuvan University*

## नेपाल चीन सम्बन्धको परिचय

नेपाल र चीनबीचको इतिहास धेरै पुरानो छ। चीनबाट नेपाल आएका मञ्जुश्रीले उपत्यकाको पानी चोभारबाट बगाएर बसोबास सुरु गरेका थिए (शर्मा, वि.सं. २०३३) । नेपाल-चीन सम्बन्धको विश्लेषण गर्दा कूटनीतिक हिसाबले नेपालको सबैभन्दा पुरानो मित्रता चीनसँग भएको थियो । सन् ६४७ तिर राजा नरेन्द्रदेवको पालामा चिनियाँ दूतहरू ली प्याओ र वाङ छेन-से भारत कन्नौजका राजा हर्षवर्द्धनको दरबारमा गएका थिए। राजा हर्षवर्द्धन खुशी भई प्रशस्त सम्पत्ति दिएर दुवै दूतलाई बिदा गरे । त्यसपछि तुरुन्तै हर्षवर्द्धनलाई उनको सेनापति अरुणाश्व (अर्जुन) ले हत्या गरी आफैं राजा भए र चिनियाँ दूतको सम्पत्ति लुटेर बेइज्जत गरी पठाए। ती दुवै दूत त्यहाँबाट ज्यान जोगाएर भागी नेपाल पसे । यो कुरा चीनको राजाले थाहा पाएपछि उनले नेपाल र तिब्बतसँग सैनिक सहयोग मागी लुटाहा अरुणाश्वलाई ठीक पार्न अनुरोध गरे। सोहीअनुसार नेपालले ७ हजार घोडचढी सेना र तिब्बतले एक हजार दुई सय भोटे पैदल सेना सहयोग दिएका थिए। नेपाल र तिब्बतको संयुक्त फौज कन्नौज गई अरुणाश्वको सेनालाई पराजित गरी उसलाई पक्रेर तिब्बत लगेपछि फाँसी दिइएको थियो (शर्मा तथा अन्य, वि.सं. २०४९) । मल्ल कालदेखि सन् १७९२ सम्म नेपाल र चीनको सम्बन्ध अत्यन्तै राम्रो भएको कारणले नै नेपालले तिब्बतमाथि एकाधिकार जमाई सुन, नुन र ऊनको व्यापार चलायो। यो व्यापारले नेपालको आर्थिक स्थिति अति राम्रो भयो। त्यस युगलाई नेपालको स्वर्णकाल मानिन्छ। सन् १७९१ मा भएको नेपाल, चीन र तिब्बतबीच त्रिपक्षीय युद्ध भयो । सो युद्ध र त्यसमा बेहोर्नुपरेको हारपछि भने नेपाल तिब्बतसँगको व्यापारबाट वञ्चित हुनुपऱ्यो ।

## आधुनिक काल

वि.सं. १८०१ बाट थालनी भएको नेपाल एकीकरणपछि नेपालको राजनैतिक नक्सा फराकिलो बन्दै गयो। वि.सं. १८४९ मा नुवाकोट र वि.सं.१८२५ मा कान्तिपुरमाथि तत्कालीन गोरखा राज्यले विजय हासिल गरेपछि कान्तिपुर राज्यबाट तिब्बतसँग हुने गरेका सम्पूर्ण व्यापार र कुटनैतिक सम्वन्ध तत्काल तिब्बत चीनको प्रत्यक्ष नियन्त्रणमा नभए पनि नेपालका वकिल र चिनियाँ अम्बाहरूको संयुक्त सल्लाहबाट त्यहाँ राजकाज चलाइन्थ्यो (बस्न्यात, वि.सं. २०७३) । चिनियाँ वादशाह र राजाका लागि तिब्बत सम्मानित धार्मिक स्थल थियो। त्यसैले चीन तिब्बतलाई आफ्नो पवित्र धार्मिकस्थल मान्दथ्यो। धार्मिक स्वभावका तत्कालीन चिनियाँ राजाहरूले तिब्बतका धेरै स्थानमा गुम्बा र चैत्यहरू निर्माण गर्न लगाएका थिए। पृथ्वीनारायण शाहको मृत्युपछि नेपाल र तिब्बत तथा चीनबीच व्यापारिक कारणले गर्दा पटक-पटक विवाद भयो। कुटनैतिक माध्यमबाट समस्याहरूको समाधान गर्ने सबै प्रयासहरू असफल भएपछि नेपालले उत्तरी छिमेकीसँग विभिन्न समयमा तीन पटकसम्म युद्ध गर्नु परेको थियो। पछि आएर वि.सं. १९११ मा अन्तिम नेपाल-भोट युद्ध भएपछि वि.सं. २०१७ साल अर्थात् १०६ वर्षपछि चिनियाँ सेनाको गोलीले नेपाली सेना सुबेदार बमप्रसाद मारिएको घटनालाई नेपाली इतिहासमा नलेखिएकाले त्यस पाटोलाई उजागर गर्न प्रस्तुत आलेखको तयारी गरिएको हो।

## नेपाल चीन सम्बन्धमा सुबेदार बमप्रसाद

स्थलगत भ्रमणको सोधखोजअनुसार ओखलढुङ्गा जिल्लाको माने भन्ज्याङ थाक्ले निवासी गंगाप्रसादका नाति नेपाली सेनाका मेजर देवीप्रसाद बास्कोटा उपाध्यायका छोरा थिए सुबेदार बमप्रसाद बास्कोटा उपाध्याय (लीलादेवी, वि.सं. २०७९) । बमप्रसादको थरमा एकरूपता नभई कसैले दाहाल, कसैले कार्की आदि लेखेका पाइन्छ (बस्न्यात, वि.सं. २०७३) । तर उनी बास्कोटा उपाध्याय नै हुन् (लीलादेवी, वि.सं. २०७९) । उनका पिता मेजर देवीप्रसादले महिन्द्र दल रेजिमेन्टको 'ग' गुल्मको प्लाटुन कमान्डर लप्टन भई हाल बर्मा इलाकामा जापानी विरुद्ध दोस्रो विश्व युद्धमा लडेका थिए । उनको जिउभरि गोली लागेका घाउहरू थिए भनी बमप्रसादकी श्रीमती लीलादेवीले बताउनुभयो (लीलादेवी, वि.सं. २०७९) । लीलादेवी र एक मात्र छोरी गीता बास्कोटा हाल सुनसरी जिल्लाको इनरुवाको माल अड्डा चोकमा बसेका छन् (अन्तर्वार्ता, २०७९ भाद्र १७) । बमप्रसादले वि. सं. २००५ सालतिरै नेपाली सेनामा भर्ना भएको जानकारी पनि दिनुभयो । उनी सुरुमा सेर रेजिमेन्टमा जागिरे थिए भने पछि महिन्द्र दल गणमा सरुवा भएका थिए । कर्नेल गुण शम्शेर राणा, (पछि प्रधान सेनापति), पोखरा ब्यारेकमा महिन्द्र दल गणको गणपति हुँदा बमप्रसादको पेशागत सिपको उच्च मूल्याङ्कन गरी गणपतिले नै उनलाई मुस्ताङमा रहेको हिमाली राइफल कम्पनीसरह काम गर्ने गरी पठाएका थिए । उनी १ प्लटुन (४ जना) सेना लिएर तैनाथ थिए । उनी पोखराबाट मुस्ताङ पुगेको १५ दिनमा नै चिनियाँ सेनाद्वारा मारिए (अन्तर्वार्ता, २०७९ भाद्र १५) । उनी मारिँदा उनकी श्रीमती लीलादेवी पोखरामा डेरा गरी बसेकी र २ महिनाकी गर्भवती थिइन् (https://www.youtube.com/watch?v=8rTfZPR7tr0) । त्यो नै पहिलो गर्भ र छोरी गीता बास्कोटाको जन्म भएको थियो ।



बमप्रसाद बास्कोटाको तस्बिर

## समस्याको कथन

नेपाल-चीन संवन्धमा राजनैतिक, सांस्कृतिक, वाणिज्य तथा सैनिक मामलामा धेरै नै पुस्तक तथा लेखहरू

प्रकाशन भइसकेको अवस्थामा पनि वि.सं. २०१७ असार १७ गते नेपालको मुस्ताङ र चिनिया सीमा इलाकामा चिनियाँ सेनाद्वारा मारिएका नेपाली सेनाका सुबेदार बमप्रसाद बास्कोटाको घटना बारेमा प्रमाणिक रुपमा प्रकाशित सामाग्रीहरू पाइएका छैनन् ।

## शोध प्रश्न

वि.सं. २०१७ असार १७ गते मुस्ताङको चीन सीमा क्षेत्रमा चिनियाँ सेनाद्वारा मारिएका नेपाली सेनाका सुबेदार  बमप्रसाद बास्कोटा उपाध्याय संवन्धि घटनाको कारण र नेपाल चीन कुटनैतिक इतिहासमा पारेको प्रभाव के थियो ?

## शोधको उद्देश्य

वि.सं. २०१७ असार १७ गते मुस्ताङको चीनँ सिमा क्षेत्रमा मारिएका नेपाली सेनाका सुबेदार बमप्रसाद बास्कोटा उपाध्याय सम्बन्धी घटनाको कारण र सो घटनाले नेपाल चीन कुटनैतिक इतिहासमा पारेको प्रभाव बारे शोध गर्नु हो ।

## अनुसन्धान विधि

गुणात्मक अनुसन्धान विधिबाट यो शोध अर्थात् लेखमा प्राथमिक र द्वितीय स्रोतहरू प्रयोग गरिएको छ ।

**प्राथमिक स्रोत**

अन्तरर्वार्ता

१. झङ्कबहादुर सिलवालसँग ।

२. लीलादेवीसँग (स्व. सुबेदार बमप्रसाद बास्कोटाको श्रीमती) ।

**द्वितीय स्रोत**

- प्रकाशित पुस्तकहरू
- प्रकाशित लेखहरू
- प्रकाशित भिडियो आदि ।
- गुणात्मक तथ्याङ्क हुने हुनाले विवरणात्मक र विश्लेषणात्मक तरिका अपनाइएको छ ।

## पूर्वकार्य समीक्षा

यो लेखको परिणाम विभिन्न प्रकाशित पुस्तकहरू, अन्तर्वार्ता, लेख, भिडियो आदिमा आधारित छ ।

'The CIA's secret War in Tibet' किताबमा खम्पाहरूले तिब्वत र नेपाली भूमिमा गरेका कार्बाहीहरू बारे बुझ्नका लागि उपयोगी छ । यस पुस्तकमा खम्पाहरूलाई भारत, अमेरिका लगायतका

मुलुकबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा गरेको सहयोग बारेमा समेत उल्लेख गरिएको छ । त्यसमा पनि उक्त कार्बाहीको लागि अहम् भूमिकामा अमेरिका नै रहेको र जसले पैसा, लत्ता, कपडा, सैन्य तालिम तथा उच्च हिमाली भू-भागमा समेत प्रयोग गर्न सकिने आधुनिक हतियार उपलब्ध गराएको समेत विवरण पाइन्छ । यद्यपि यसमा नेपाल सरकारको भूमिका र वि.सं. २०१७ सालमा मुस्ताङ जिल्लाको चिनियाँ सीमानामा चिनियाँ सेनाद्वारा सुबेदार  बमप्रसाद उपाध्यायको बारेमा लेखिनु पर्ने मुख्य अध्याय छुट भएको छ (कनव्वाइ र मोरिसन, (सन् २००२) ।

The Kingdon of Lo Mustang किताबमा मुस्ताङ र चीनको तिब्बत आसपासमा रहेका बासिन्दाहरूको धर्म, संस्कार, संस्कृति बारेमा स्पष्ट लेखिएको छ । त्यसैगरी उनले उक्त क्षेत्रको भौगोलिक, राजनीतिक तथा प्रशासनिक महत्त्वबाट टाढा रहेको विषयमा पनि उल्लेख गरेका छन् । यद्यपि यो पुस्तकले २०१७ सालमा भएको नेपालको मुस्ताङ जिल्ला र चिनियाँ सीमानामा चिनियाँ सेनाद्वारा मारिएका नेपाली सेनाका सुबेदार  बमप्रसाद तथा वि.सं. २०३१ सालमा भएको खम्पा निशस्त्रीकरणको बारेमा उल्लेख गरेको पाइँदैन (ढुंगेल, सन् २००२) ।

'Nepalese Army in Tibetan Khampa Disarming Mission' किताबमा नेपालको उत्तरी सिमामा रहेको तिब्वत स्वतन्त्र गर्नको लागि लड्ने शसस्त्र विद्रोही खम्पाहरूलाई निशस्त्रीकरण गर्न नेपाली सेनाको भूमिकाको उल्लेख गरेका छन् । नेपाली सेनाले २०३१ मा खम्पा निशस्त्रीकरण कार्बाही गर्नको लागि विशाल फौज तैनाथ गरेको थियो । आन्तरिक तथा बाह्य कारणले समेत गर्दा नेपाली सेनाले खम्पा निशस्त्रीकरण गर्नु परेको बारे उल्लेख गरिएको छ । यद्यपि यस पुस्तकमा वि.सं. २०१७ सालमा नेपाली सेनाको सुबेदार बमप्रसाद बास्कोटा उपाध्याय चिनियाँ सेनाद्वारा मारिएको बारेमा कहि कतै उल्लेख भएको पाइँदैन (बस्न्यात, सन् २००७) । नेपाल-चीन बादविवाद र संवाद किताबमा लेखकले नेपाल चीन सम्वन्धको प्राचीनकाल, विशेषता मञ्जुश्रीको नेपाल आगमनको साथै हु-एन-साङको नेपाल भ्रमण लगायतको बारेमा संक्षिप्तमा उल्लेख गरेका छन् । त्यसैगरी मल्लकाल र आधुनिक नेपालको समेत संक्षिप्त ऐतिहासिक परिचयले नेपाल-चीन सम्बन्धले पृष्ठभूमि तयार पर्न मद्दत गरेको छ । त्यसैगरि नेपाल-चीन सैनिक संवन्धको बारेमा वि.सं. १८०१ देखि २०३१ साल सम्मका घटनाहरूलाई चित्रण गरेको पाइन्छ ।

यद्यपि वि.सं. २०१७ सालमा नेपालको मुस्ताङ जिल्लाको चिनियाँ सिमा क्षेत्रमा भएको नेपाली सेनाका सुबेदार बमप्रसाद बास्कोटा उपाध्याय मारिएका घटनामा, निज सुबेदारको पल्टन, सैनिक पृष्ठभूमि, पारिवारिक परिचय तथा घटनाका सत्यतामा एकिन हुन नसकेको देखिएको छ (बस्न्यात, वि.सं. २०७३) ।

## चिनियाँ सेनाले नेपाली सेनाका सुबेदार  बमप्रसाद उपाध्यायलाई मार्नुका कारण र परिणामहरूः

### विश्लेषण

नेपाल सरकारको सहयोगमा दलाई लामाका सेना खम्पाहरू नेपाल भित्र्याउने काम भइरहँदा अमेरिका र भारत

खुसी थिए भने चीन बडो सतर्कता अपनाउँदै थियो । उत्तरी सीमानामा त्योभन्दा अगाडि भारतीय सेनाका चेक पोस्ट नेपाल सरकारकै सिफारिसमा राखिएका थिए । भारत र अमेरिका मिलेर नेपाल सरकारलाई दबाब दिई नेपालमा खम्पा भित्र्याउने काम २००८ सालपछि बनेको मातृकाप्रसाद कोइरालाको सरकारको पालादेखि नै सुरु भयो । सुरुसुरुमा ५०० जना खम्पा सेनाको तथ्याङ्क दिएको त्यो सरकारले पछि प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको पालामा ६ हजार ५ सय जतिको आँकडा प्रस्तुत गरेको पाइन्छ (बस्न्यात, वि.सं २०७९) ।

यहाँ उल्लेख गर्नै पर्ने पक्ष के हो भने उत्तरी सीमामा २००९ सालपछि नै भारतीय सेना तैनाथी गराउनुको स्वार्थ खम्पाहरूलाई नेपाल प्रवेश गराउनु र तिनलाई सुरक्षासमेत दिनु थियो । अनि तिब्बततर्फको चिनियाँ सेनाको हर्कतको जासुसी गरेर त्यो खबर नेपाली सीमामा तैनाथी रहेका भारतीय आर्मी (Indian Military Mission) ले दिल्ली पठाउँथे । दिल्ली आर्मीले दिल्लीकै ब्रिटिस राजदूतावासलाई खबर पठाउँथे अनि खबर लन्डन पुग्थ्यो । लन्डनको सेनाको च्यानलमार्फत् अमेरिका अर्थात् 'सिआइए' मा पुग्थ्यो (अन्तर्वार्ता, वि.सं. २०७९) । गज्जबको कुरा त के हो भने त्यसबखत हिमाल राइफल (हिरा) कम्पनीहरू खडा गरेर नेपाली सेना उत्तरी सीमानातर्फ पूर्व-पश्चिम तैनाथी थिए । तीमध्येको एक पोस्ट थियो सुबेदार बमप्रसाद बास्कोटा उपाध्यायले कमान्ड गरेको मुस्ताङको सैनिक टुकुडी । यहाँ ४३ जनाजतिको एक सेना मुख (एक प्लाटुन) मात्र थियो । ती सबै हिमाली राइफल कम्पनीहरूले समेत चीनको सीमा क्षेत्रमा तैनाथी भारतीय सेनाको रेडियो सेटबाट नै नेपाली सेनाको समेत खबर नेपाली जङ्गी अड्डासँग आदानप्रदान हुने गर्थ्यो । हाम्रो गोपनीयता भारतीयको हातमा थियो । दलाई लामा, भारत र अमेरिकाको त्रिकोणात्मक सम्बन्ध र योजनाबाट नेपालको उत्तरी सीमामा भारतीय सेना राखेको र खम्पा भित्र्याइएको थियो । दलाई लामाबाट खम्पा लडाकुहरूलाई दिने सन्देश पनि त्यही च्यानल हुँदै नेपाल, अमेरिकाको कोलोराडो र देहरादूनको चक्रतामा रहेका खम्पाहरूसम्म पुऱ्याउँथे, किनकि खम्पाहरू नेपालको उत्तरी सीमामा तैनाथ थिए भने कोलोराडो र चक्रतामा सैनिक तालिम लिन्थे । यही चक्रतामा पाकिस्तान टुक्रयाएर बंगलादेश बनाउने लडाकुहरू, श्रीलंका टुक्रयाएर तामील राज्य बनाउने लडाकुहरू र नेपालका माओवादी लडाकुहरूलाई समेत सैनिक तालिम दिइएको थियो (myrepublica.nagariknetwork.com/news/faults-of-india-s-nepal-policy/) ।

यस्तो अवस्थामा चिनियाँ सेनाको पनि हतियारधारी सीमा सुरक्षा सैनिक गस्तीहरू (बोर्डर फाइटिङ पट्रोल) ती इलाकामा घुम्न थाले भने उपल्लो मुस्ताङ र तिब्बती भूमिको नजिकसम्म चिनियाँ सेना आए । २०१७ असार १४ गते चिनियाँ पट्रोलको एक हजारभन्दा बढी सेना देखेपछि मुस्ताङका राजाले मुस्ताङमा तैनाथ भारतीय सेनालाई खबर गरी मुस्ताङ बचाइदिन अनुरोध गरे । सो खबर भारतीय सेनामार्फत् दिल्ली, दिल्लीबाट लन्डन र त्यहाँबाट अमेरिका पुग्यो र तुरुन्तै नेपाल सरकारलाई दबाब आयो कि ती चिनियाँ सेना किन मुस्ताङ आए र किन चूप बसेको नेपाल ? सो खबरका आधारमा प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई दबाब पर्यो । त्यसपछि तुरुन्तै चिनियाँ सेना आएको हो होइन भन्नेबारे बुझ्न मुस्ताङमा तैनाथ रहेका नेपाली सेनाका कमान्डर सुबेदार बमप्रसाद

बास्कोटा उपाध्यायको कमान्डमा १ सेक्सन (१३ जना) सेना, भन्सार अधिकृत, स्थानीय जनप्रतिनिधि र दोभासे गरी १७ जनाको टोली अझै उत्तरी सीमानातर्फ हिँडे। नेपाल-चीनको सीमामा नियमअनुसार नेपाली सेना हतियार नबोकी र सैनिक पोसाक नलगाई गएका थिए (बस्न्यात, वि.सं. २०७९)। सुबेदार मात्र घोडामा र अरू पैदाल गएका थिए। केही घण्टा हिँडेपछि उनीहरूमाथि चिनियाँ सेनाले फायर गर्‍यो। त्यस घटनामा सुबेदार बमप्रसाद मारिए र अर्का १ जना सैनिक घाइते भए। अनि ती घाइतेलगायत १६ जना चिनियाँ सेनाका बन्धक बने भने सुवेदारको लाश पनि उनीहरूले नै कब्जामा लिए। तर सुबेदार बमप्रसादकी श्रीमती लीलादेवीका अनुसार सुबेदार मारिए, अर्का १ जना सिपाही घाइते बने। ६ जना भाग्न सफल बने र १० जना चिनियाँ सेनाको कब्जामा परे। सुबेदारको लास र घोडासमेत उनीहरूले नै लगे। ती भागेका ६ जनाबाट उक्त घटनाबारे मुस्ताङमा रहेका नेपाली सेनाको क्याम्प र भारतीय सैनिक पोस्टलाई खबर गरेकाले नै भारतीय रेडियो सेटमार्फत् सोही दिन, सो खबर संसारभरि फैलियो र नेपालको राजधानीसम्म पुग्न पायो (बस्न्यात, वि.सं. २०७९)। २०१७ साल असार २२ गतेको बिहान ११ बजे बमप्रसादको शवलाई मुस्ताङका युबराज, स्थानीय प्रशासन र जनता समेतको उपस्थितिमा मुस्ताङमा नै दाह संस्कार गरियो।

त्यतिबेला नेपाल र चीनबीच कुनै सीधा कूटनैतिक प्रतिनिधित्व र संवाद थिएन। दुई देशबीचको संवाद त्यतिबेला भारतका लागि दिल्लीमा रहेका चिनियाँ राजदूत पान सु-ली (Pan Tzu-Li) र नेपालका राजदूत जनरल दमनशमशेर राणाबीच लिखित या मौखिक रूपमा हुने गर्थ्यो। जनरल राणाले आफ्ना लागि आदेश टेलिग्राफ र हवाई कुरियरमार्फत् प्राप्त गर्दथे (वस्न्यात, वि.सं. २०७३)। सुबेदार बमप्रसाद मारिएको बारेमा नेपालका प्रधानमन्त्री बिपी कोइराला र चिनियाँ प्रधानमन्त्री चाउ एनलाईको धेरै बढी पत्राचार भएका थिए।

सुबेदार बमप्रसाद नेतृत्वको नेपाली सेनाको पट्रोल टिमलाई चीनले दलाई लामाका सेना 'खम्पा' ठानेकाले त्यो घटना हुन गएको लेखेको छ। वास्तवमा उसबखत मनाङ-मुस्ताङ क्षेत्र खम्पाको नियन्त्रणमा थियो। नेपाली प्रशासनको केही हात थिएन। पछि छानबिन गर्यो चीनले। घटनामा गल्ती स्विकारी मृतकलगायत सबैको क्षतिपूर्ति ५० हजार रूपैयाँ तिर्यो। माफी मागेको छ, चीनले (देवकोटा, वि.सं. २०३३)। उल्लेख गर्नै पर्ने कुरो के पनि हो भने मुस्ताङ घटना घट्नुभन्दा एक दिनअगाडि २०१७ असार १५ गते श्री ५ को सरकार परराष्ट्र मन्त्रालयले 'नेपालको चीनसँगको उत्तरी सीमानाको चिनियाँ क्षेत्रमा केही तिब्बती विद्रोहीहरूले गोलमाल मच्चाएकाले उक्त विद्रोहीहरूलाई दबाउन चीन सरकारले ती चिनियाँ क्षेत्रमा सशस्त्र चिनियाँ फौज पठाएको छ भनी श्री ५ को सरकारमा खबर पठाएको छ।

## बमप्रसाद मारिनुको कारण

बमप्रसाद मारिनुको कारणहरूलाई मनन गर्दा सवैभन्दा पहिला नेपालको मुस्ताङ जिल्ला सीमा इलाकामा चिनियाँ सेना बारे खबर संकलन गर्न जाँदाखेरि दुवै मित्र सेनाहरूको बीचमा पहिला नै समन्वय खबर गरिएको हुन्छ। त्यस अवस्थामा दुईवटा भित्र सेनाहरूको बीचमा समन्वय गर्नका लागि संचारका

साधनहरू (Communication Instrument) को व्यवस्था नहुनु ठूलो कमजोरी बनेको देखिन्छ। किनभने त्यसबेला मुस्ताङ क्षेत्रमा खम्पा सेनाको निकै सक्रियता बढ्नु र नेपाल सरकारका प्रशासनिक संयन्त्रहरू निष्क्रिय रहेका अवस्थामा चिनियाँ पक्षबाट बमप्रसादको टोलीलाई मित्र सैनिकको बदलामा खम्पा सैनिक ठान्नुलाई अन्यथा मान्न सकिँदैन । बमप्रसाद मारिनुमा त्यो भन्दा ठुलो कुरो नेपाल-चीन सिमानाको दुवै तर्फ २०/२० कि.मी. क्षेत्रमा विना हतियार र विना सैनिक पोसाक पट्रोलिङ गर्नु पर्छ भन्ने दुवै देशको सर्तनामाले नै त्यो स्थिति सिर्जना हुन गयो । किनभने सो सर्तनामा अनुसार नै सुबेदार  बमप्रसाद र उनका टोली विना हतियार र विना सैनिक पोसाक पट्रोलिङ गएका थिए । तर दुःखका साथ भन्नुपर्दा चिनियाँ सेनाले २० कि.मी.को घेरालाई नाघेर सैनिक पोसाक र हतियार लिएर आएर नेपाली सेनाका बमप्रसादलाई मारी अर्को १ जवानलाई घाइते बनाएका थिए । यसर्थ दुई मित्र सेनाहरूको बीचमा समन्वयको लागि संचारका साधनहरू नहुनु २०/२० कि.मी. शान्ति घेरालाई चिनियाँ सैनिकहरूले उल्लङ्घन गर्नु नै बमप्रसाद मारिनुको मुख्य कारणहरू थिए (बस्न्यात, वि.सं. २०७९) ।

## सुबेदार  बमप्रसाद मारिएपछिको घटनाक्रम

तात्कालीन गृहमन्त्री सूर्यप्रसाद उपाध्यायले २०१७ असार १८ गतेको महासभा बैठकमा मुस्ताङमा घटेको घटनाका विषयमा स्पष्टीकरण दिएका थिए। महासभा बैठकमा बोल्दै उनले ‘मुस्ताङका राजाले नेपालको सीमाना पारी ठूलो सङ्ख्यामा चिनियाँ सैनिकहरूको जमघट देखिएको कुरा श्री ५ को सरकारलाई सूचित गरेपछि श्री ५ को सरकारबाट यथार्थ वस्तुस्थिति के हो, त्यसको रिपोर्ट पठाउनु भन्ने आदेश पठाएको हुनाले त्यहाँ रहेका श्री ५ को सरकारका कर्मचारीहरू गत २०१७ असार १५ गतेका दिन सदाका जस्तै आफ्नो सीमानाको निरीक्षण गर्न गएका थिए। श्री ५ को सरकारका कर्मचारीहरूको दलमा १७ जना थिए। जसमा गाउँका मुखिया र भन्सारका खरिदार पनि थिए। त्यसै दिन राति थाहा भयो कि सीमानातिर नेपाली दल पुग्दा चिनियाँ सैनिकहरू नेपालको सीमानाभित्र पसी गोली चलाएछन् । जसबाट नेपाली दलका सुबेदार बमप्रसादको त्यहीँ मृत्यु भयो । चिनियाँहरूले त्यो लास र दलका अरू सबै व्यक्तिहरूलाई चिनियाँ इलाकातिरै लगे भन्ने कुरा सुनियो। तर त्यसबेला त्यसबारेमा राम्रो थाहा भएको थिएन, पछि सबै नेपालका सरकारी व्यक्तिहरूलाई उनीहरूको घोडा र सामान समेतलाई चिनियाँले आफ्नो क्याम्पमा लगेर राखेका छन् भन्ने थाहा भयो (बस्न्यात, वि.सं. २०७३) ।

## सुबेदार बमप्रसाद दाहाल मारिएको सम्बन्धमा नेपाल सरकारको भनाइ

निम्न विवरणहरूलाई अभिलेखीकरण गर्नु उचित ठानिएकाले उल्लेख गरिएको छ :

क) मुस्ताङ घटना घट्नुभन्दा एक दिनअगाडि २०१७ असार १५ गते श्री ५ को सरकार परराष्ट्र मन्त्रालयले ‘नेपालको चीनसँगको उत्तरी सीमानाको चिनियाँ क्षेत्रमा केही तिब्बती विद्रोहीहरूले गोलमाल मच्चाएकाले उक्त विद्रोहीहरूलाई दवाउन चीन सरकारले ती चिनियाँ क्षेत्रमा सशस्त्र चिनियाँ फौज पठाएको छ भनी

श्री ५ को सरकारमा खबर पठाएको छ। चीन सरकारले श्री ५ को सरकारलाई यो आश्वासन दिएको छ उक्त तिब्बती विद्रोहीहरूलाई दबाउने कामको सिलसिलमा यदि यस्ता विद्रोहीहरू भागी नेपालको सरहदभित्र पसे भने कुनै हालतमा पनि चिनियाँ फौजहरूले उक्त विद्राहीहरूको पिछा गर्दै नेपाल-चीनको सीमाना नाघ्ने छैनन् र यी तिव्बती विद्रोहीहरूलाई दबाउने काम सकिनासाथ सम्झौता नै राखिने छन्। यस सम्बन्धमा श्री ५ को सरकार लेखापढी गर्दैछ' भन्ने विज्ञप्ति प्रकाशित गऱ्यो (देवकोटा, वि.सं. २०३३)।

ख) श्री ५ को सरकार परराष्ट्र मन्त्रालयबाट २०१७ असार १६ गते 'मुस्ताङको नेपाल र चीनको सीमानामा नेपाली सरहदभित्र दैनिक काममा गएका श्री ५ को सरकारका निःशस्त्र कर्मचारीहरूउपर चिनियाँ फौजले गोली चलाई नेपाली सरहदभित्र पसी निज कर्मचारीहरूको मालसामान र घोडाहरूसमेत लुटी लगेको र १७ जना मानिस अझसम्म बेपत्ता भएको खबर प्राप्त भएको छ। उक्त घटना र नेपालको सरहदभित्र पसी नेपालको सार्वभौमिकताउपर नै दख्खल परेकोमा श्री ५ सरकारले आजै चीन सरकारसमक्ष एक कडा विरोध पत्र पठाएको छ र यस सम्बन्धमा उचित कारवाही हुँदैछ' भनेर विज्ञप्ति जारी गऱ्यो। यसै विषयलाई लिएर त्यतिखेर प्रकाशित हुने नेपाली पत्रपत्रिकामा विभिन्न प्रतिक्रिया र समाचारहरू प्रकाशित भएका थिए। ०१७ असार १६ गते 'मुस्ताङको नेपाल र चीनको सिमानामा सरहदभित्र दैनिक काममा गएका श्री ५ को सरकारका निःशस्त्र कर्मचारीहरूउपर चिनियाँ फौजले गोली चलाई नेपाल सरहदभित्र पसी निज कर्मचारीहरूको मालसामान र घोडाहरूसमेत लुटी लगेको र १७ जना मानिस अझसम्म बेपत्ता छन्' भन्ने समाचार प्रकाशित भयो (देवकोटा, वि.सं. २०३३)।

ग) २०१७ असार १६ गतेको महासभामा 'यस आकस्मिक घटनाले नेपाल र चीन सरकारको सम्झौतामा ठूलो आघात पुऱ्याएको छ। दुई देशको सन्धिको बर्खिलाप भएको छ र यसले राष्ट्रियतामा समेत धक्का पर्न गएको कुरा सावित छ। यो देशको लागि महत्त्वपूर्ण कुरा भएको छ' भनी कार्य स्थगनको प्रस्ताव आयो (देवकोटा, वि.सं. २०३३)।

उक्त घटनाबारे जानकारी पाउनेबित्तिकै नयाँ दिल्लीस्थित शाही नेपाली राजदूतद्वारा चिनियाँ राजदूतलाई र प्रधानमन्त्रीद्वारा पनि चीनका प्रधानमन्त्रीलाई कडा विरोध पत्र पठाइयो। विरोध पत्रमा भनिएको थियो कि नेपालले चीनप्रति राम्रो दोस्ती चुकाउँदा चुकाउँदै पनि नेपालको भूमिमा आएर नेपालीहरूमाथि चिनियाँहरूले गोली हानेबाट हामीलाई ठूलो चोट लागेको छ र हाम्रो सार्वभौमसत्तामा पनि ठूलो घाउ लागेको छ। अपहरण गरी लगिएका सबै व्यक्तिहरू र गोलीबाट मरेका सुवेदारको लाश तुरुन्त फिर्ता गरियोस् र उक्त घटनाको क्षतिपूर्ति सुरक्षित राख्ने हक हाम्रो हुनेछ। आइन्दा यस्तो घटना नहोस् भन्ने कुरा पनि प्रकट गरिएको छ (बस्न्यात, वि.सं. २०७९)।

## राजनीतिक दलहरूको प्रतिक्रिया

यस घटनाको विषयलाई लिएर नेपाल कम्युनिस्ट पार्टीका जनरल सेक्रेटरी डा. केशरजङ्ग रायमाझीले ०१७ जेठ १८ गते 'मुस्ताङ इलाकामा एक जना नेपाली फौजी जवान गोली लागी मरे र उनका साथ रहेका १७ जवान बेपत्ता छन् भन्ने जुन खबर श्री ५ को सरकारको विज्ञप्तिबाट ज्ञात भएको छ, यो अत्यन्त नै दुःखद् खबर हो।

यसमा हामी दुःख प्रकट गर्छौं । यसका साथै तिब्बती जनताका दुश्मन खम्पाहरू चीन-नेपालको ४० किलोमिटरको असैनिक इलाकामा रही लुटपाट गर्दैछन् र नेपालभित्र शरणार्थीको रूपमा प्रवेश गरिरहेका छन् । यी लुटेरा सशस्त्र खम्पाहरू नेपाल-चीन सीमाक्षेत्रमा उत्तेजनात्मक कारवाही गरिरहेका छन् । श्री ५ को सरकारले यिनीहरूलाई आफ्नो नियन्त्रणमा राख्नु पर्दछ । मुस्ताङको हालको घटनामा यिनीहरूको सम्बन्ध छैन भन्न सकिँदैन । हामी यो कुरा स्पष्ट गर्न चाहन्छौं कि आज भारत र चीनको जस्तो सम्बन्ध देखिन्छ, यस अवस्थामा हाम्रो उत्तरी चेकपोष्टमा भारतीय अफिसरहरू रहनु हाम्रा लागि अपमानजनक साथै अहितकर पनि छ । अतः भारतीय अफिसरहरूको बदला नेपाली अफिसरहरू राखियून्' भन्ने भनाइ सार्वजनिक गरे । त्यसैगरी नेपाली काङ्ग्रेसको आयोजनामा ०१७ असार १८ गते काठमाडौंको वसन्तपुरमा सार्वजनिक सभा भयो । यस सभालाई सम्बोधन गर्दै मातृकाप्रसाद कोइराला विश्वबन्धु थापा, त्रिपुरवरसिंह, श्रीभद्र शर्मा आदिले मुस्ताङ घटनाका विषयमा आ-आफ्ना तर्कसहित यस घटनाको विरोध गरेका थिए (बस्न्यात, वि.सं. २०७३) ।

सुबेदार बमप्रसाद मारिएको घटनामा नेपाल र चीन सरकारबीच भएका औपचारिक पत्राचारका प्रतिलिपिहरू :

क) नेपालका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाद्वारा ०१७ असार १६ गते (२९ जुन, १९६०) का दिन पठाइएको पत्रको उत्तर चिनियाँ प्रधानमन्त्री चाउ एन-लाईले ०१७ असार १७ गते (जुन ३०, १९६०) नै पठाए । पत्रमा भनिएको थियो ।

महामहिम,
प्रधानमन्त्री
काठमाडौ, नेपाल

महामहिम आदरणीय तथा प्रिय प्रधानमन्त्री,

महामहिमको जुन २९, १९६० को पत्र ३० जुनको बिहान १० बजे मैले प्राप्त गरें । महामहिमको पत्र पाउनुभन्दा पहिले नै हामीले वैदेशिक समाचारहरूबाट नेपाल-चीन सिमानामा चिनियाँ सैनिकद्वारा नेपाली नागरिक मारिएको बारे थाहा पाइसकेका थियौं । यस कुरालाई लिएर चीन सरकार ज्यादै चिन्तित छ र यस कुराको तथ्य पत्ता लगाउन स्थानीय अधिकारीहरूसँग तुरुन्तै सम्पर्क राखिएको छ । यस सम्बन्धमा रिपोर्ट प्राप्त हुनासाथ श्री ५ को सरकारलाई तुरुन्त सूचित गरिनेछ । यदि महामहिमको पत्रमा उल्लेख गरिएअनुसार नेपाली नागरिक मारिएको उक्त दुर्भाग्यपूर्ण घटना साँचो हो भने चिनियाँ सरकारले गहिरो खेद प्रकट गर्नेछ । नेपाली नागरिकलाई साँच्चै थुनुवामा नै राखिएको हो भने उनीहरू निश्चय नै तुरन्त मुक्त गरिनेछन् । सादर मेरो शुभ कामना (बस्न्यात, वि.सं. २०७३) ।

चाउ एन लाई
प्रधानमन्त्री गणतन्त्र चीन
पेकिङ, १०० घण्टा । ३० जुन, १९६०

ख) नेपालका प्रधानमन्त्रीलाई चीनका प्रधानमन्त्रीद्वारा पठाइएको अर्को पत्र ०१७ असार २० गते सार्वजनिक भयो । जुन निम्नानुसारको थियो ।

महामहिम

प्रधानमन्त्री वी.पी. कोइराला,

श्री ५ को सरकार, नेपाल

महामहिम,

प्रिय प्रधानमन्त्रीज्यू,

मलाई लाग्दछ, महामहिमले मेरो जुन ३० तारिखको प्रत्युत्तर पत्र पाउनु भएको छ । हालैको चीन-नेपाल सीमा घटनाबारे चीन सरकारले चीनको तिब्बत प्रदेशको अरि जिल्लास्थित सीमारक्षकहरूबाट रिपोर्ट पाएको छ । घटनाक्रम निम्न प्रकार थियो :

जुन २८ तारिखका दिन साँझ पौने पाँच बजे चीन-नेपाल सिमाना नगिच हाम्रो इलाकाभित्र तिब्बती विद्रोही लुटेराहरू दमन गर्न खटिएको चिनियाँ जनमुक्ति सेनाको एक दलले कोर भञ्ज्याङ्देखि अन्दाजी १ किलोमिटर उत्तरपट्टि घोडचढीहरूको एक जमात आफूपट्टि आइरहेको देख्यो । तिनीहरूलाई तिब्बती विद्रोही लुटेराहरू भन्ठानेर चिनियाँ सैनिकले गोली चलाई एकजनालाई माऱ्यो र १० जना (जसमध्ये एकजना घाइते थिए) लाई पक्रियो । त्यसपछि पत्ता लाग्यो कि तिनीहरू तिब्बती विद्रोही लुटेरा नभई नेपालीहरू थिए । उल्लिखित सत्य विवरणबाट पत्तो लाग्छ कि गलत धारणा एवं सोचाइका कारण हुन गएको यो घटना दुर्भाग्यपूर्ण थियो ।

यो घटना मुस्ताङ इलाकामा होइन, कोर भञ्ज्याङ्देखि उत्तरपट्टिको ठाउँमा भएको थियो । यो साल मार्च महिनामा चीन र नेपालको बीच आदान-प्रदान भएको मानचित्रअनुसार कोर भञ्ज्याङ चीन र नेपालको परम्परागत सीमारेखाबाट उत्तरपट्टि पर्दछ । त्यसकारण घटनास्थल स्पष्टतः चिनियाँ इलाकाभित्र पर्दछ र चिनियाँ सैनिकहरू नेपाल अधिराज्यको इलाकाभित्र पसेका छैनन् । जेहोस्, यो अप्रत्याशित र दुर्भाग्यपूर्ण घटना चिनियाँ सैन्यको निम्न दर्जाका केही व्यक्तिहरूको लापरबाहीको परिमाण थियो । चिनियाँ सरकार यस घटनाप्रति गहिरो खेद प्रकट गर्दछ । श्री ५ को सरकारसमक्ष क्षमा याचना गर्दछ र त्यस दुर्भाग्यपूर्ण घटनामा मृत्यु भएका मृतकका आफन्तप्रति समवेदना व्यक्त गर्दछ । चिनियाँ सरकारले त्यस स्थानको सेनालाई यस घटनाको उत्तरदायित्वबारे तुरुन्तै जाँचपड्ताल गर्ने र थुनामा राखिएका १० नेपालीहरूलाई, मृत शरीर, घोडाहरू र उनीहरूसँग रहेका सबै सामानहरू जुलाई ४ तारिखका दिन पेकिङ समयअनुसार दिउँसो १२ बजे कोर भञ्ज्याङबाट २ सय ५० मिटर दक्षिणपूर्वमा निटईमा पुऱ्याइदिने आदेश दिइसकेको छ । अनुरोध गरिन्छ कि उक्त समय नेपाल पक्षका उत्तरदायी व्यक्ति पठाई जिम्मा लिने प्रबन्ध होस् । नेपालको तर्फबाट पेश गरिएको क्षतिपूर्तिको माग स्वीकार गर्न पनि चीन सरकार राजी छ ।

महामहिम प्रधानमन्त्रीज्यू, यो घटना साँच्चि नै दुर्भाग्यपूर्ण हो । तैपनि पूर्ण विश्वास छ कि चीन र नेपालबीचको प्रगाढ मैत्रीमाथि यो अप्रत्याशित घटनाले कुनै किसिमको पनि असर पार्ने छैन । यो अप्रत्याशित घटना भएको कुरालाई ध्यान राखेर चीन-नेपाल सीमाबारे धारणा नदोहोरियोस् भन्ने उद्देश्यले चिनियाँ सरकारले चिनियाँ सेनालाई तिब्बती विद्रोही लुटेराहरूलाई दमन गर्ने सिलसिलामा सीमानादेखि चीनपट्टिको १० किलोमिटर भित्रको

इलाका प्रवेश नगर्ने आदेश दिएको छ। र, लुटेराहरूलाई दमन गर्ने काम पूरा हुनेबित्तिकै सीमानादेखि चीनपट्टिको २० किलोमिटरभित्रको इलाकामा चिनियाँ सेनाहरू फर्कने छन्। यस अवधिभित्र यदि तिब्बतका विद्रोही लुटेराहरू भागेर नेपाली इलाकामा पस्छन् भने चिनियाँ सरकार आशा गर्दछ कि नेपालले फौज पठाई उनीहरूलाई निःशस्त्र गर्नेछ। यो दुईको सीमाना इलाकामा शान्ति कायम राख्न धेरै सहायक हुनेछ।

यो पत्र अन्त्य गर्नुभन्दा अघि म महामहिमलाई आश्वासन दिन चाहन्छु कि नेपालसँगको मैत्रीलाई चीनले बहुत मूल्यवान् सम्झेको छ र पहिलेजस्तै अहिले पनि दुई देशका बीच रहिआएको परम्परागत मैत्रीलाई कायम र विकास गर्ने आफ्नो अविरल कोसिसलाई जारी नै राख्ने छ। म यसै अवसरबाट लाभ उठाई महामहिमलाई मेरो उच्च आदर पुनः व्यक्त गर्न चाहन्छु (बस्न्यात, वि.सं. २०७३)।

**चाउ एन-लाई**

**प्रधानमन्त्री गणतन्त्र चीन**

ग) नेपालका प्रधानमन्त्रीलाई चिनियाँ प्रधानमन्त्रीले १२ जुलाई १९६० (०१७/३/२९) मा फेरि अर्को पत्र पठाए। पत्रमा भनिएको थियो :

महामहिम प्रिय प्रधानमन्त्रीज्यू,

जुलाई ७ तारिखको महामहिमको दुई पत्र प्राप्त भयो।

पत्रमा महामहिमले हालै चीन सिमानामा भएको घटनामा नेपाललाई भएको हानिनोक्सानीका लागि रु. ५० हजारको क्षतिपूर्तिको लागि माग गर्नु भएको रहेछ। चीन सरकार यो माग स्वीकार गर्दछ र निकट भविष्यमा उक्त रकम श्री ५ को सरकार, नेपालको नाउँमा चलान गरिनेछ।

चिनियाँ सरकारलाई यस कुरामा खुशी लागेको छ कि दुवै पक्षले मैत्री र समझदारीको अनुवृत्ति अपनाएको हुनाले यो दुर्भाग्यपूर्ण घटना शीघ्रतासाथ र सन्तोषप्रद तरिकाले समाधान गरिएको छ र हर उपायले हाम्रा दुई देशबीचको मैत्री खलल पार्न मौका खोज्नेहरू आफ्नो अभिष्ट लक्ष्य प्राप्त गर्न असफल भएका छन्।

महामहिमले आफ्नो पत्रमा फेरि एकचोटी यो दुर्भाग्यपूर्ण घटना भएको स्थलको चर्चा गर्नु भएको छ। म महामहिमलाई दोहोऱ्याएर भन्न चाहन्छु कि घटना स्थानमासमेत पटक-पटक जाँचपड्ताल गरी चिनियाँ सरकारले पुष्टि गरेको छ कि विद्रोही खम्पाहरू दमन गर्नमा लागेका चिनियाँ सेनाले चीन-नेपाल सीमादेखि उक्त चिनियाँ इलाकाभित्र मात्र काम गरेर यो दुर्भाग्यपूर्ण घटना वास्तवमा चिनियाँ इलाकाभित्र कोरे पासबाट एक किलोमिटर उत्तरपट्टिको ठाउँमा भयो। अब कुरा टुङ्गिसकेकोले र चीन सरकारले त्यस घटनाका लागि आफ्नो उचित दायित्व बहन गरिसकेकोले मलाई विश्वास छ, महामहिम आश्वस्त हुनु हुनेछ कि घटनास्थलको बारेमा दुई पक्षले बहस जारी राख्नुमा कुनै अर्थ पनि छैन, लाभ पनि छैन।

तिव्बती विद्रोही डाँकुहरूलाई दमन गर्न नेपाल-चीन सीमानजिक चिनियाँ क्षेत्रमा चिनियाँ फौजको प्रवेशको सम्बन्धमा चीन सरकारले पहिले नै जुन २६ तारिखका दिन श्री ५ को सरकारलाई सूचना दिएको थियो। उक्त सूचनामा चिनियाँ सरकारले यस कुरामाथि विशेष जोड दिएको थियो कि विद्रोही डाँकुहरूलाई लखेट्दै चिनियाँ सेनाले कुनै हालतमा पनि सीमा नाघ्ने छैनन् र विद्रोहीहरूलाई दमन गर्ने काम सिद्धिनासाथ चिनियाँ सेना सीमानाबाट चिनियाँ इलाकापट्टि २० किलोमिटर पर हट्नेछन्। यसबाट यो कुरा स्पष्ट देखिन्छ कि चीन सरकारले

सीमासम्झौताको मर्यादा राख्ने छ र नेपाल-चीन मैत्रीलाई ठूलो महत्त्व दिन्छ। जुन २८ तारिखका दिन श्री ५ को सरकारले घोषणा गऱ्यो कि चीन सरकारको उपयुक्त सूचना प्राप्त भएको छ तर चिनियाँ सरकारको सूचना अति ढिलो-चिनियाँ फौजले दमन कार्य सुरु गर्नुभन्दा एक दिन अघि- मात्र दिइएको हुनाले श्री ५ को सरकार, नेपालले कठिनाइहरूको सामना गर्नु पऱ्यो र बेलैमा सीमानाका नेपाली क्षेत्रहरूमा उचित बन्दोबस्त गर्न आदेश पठाउन सकेन। यो एउटा त्रुटी ठानिनु पर्दछ।

मेरो जुन २ र ४ को पत्रमा मैले महामहिमलाई खबर गरेको थिएँ कि चीन-नेपाल सीमानाबारे कुनै गलत धारणा नदोहोरियोस् भनेर चीन सरकारले चिनियाँ फौजलाई तिब्बती विद्रोही डाँकुहरूलाई दमन गर्दै सीमानाबाट चीनपट्टि १० किलोमिटरको इलाकाभित्र नपस्ने आदेश दिएको थियो। अनुमान छ कि डाँकुहरूलाई दमन गर्ने काम जुलाई महिनाको आखिरीतिर पूरा होला। त्यसबखत जम्मै चिनियाँ फौज सीमानाबाट चीनपट्टि २० किलोमिटरको इलाकाभन्दा परसम्म हटाइनेछ। मलाई हर्ष लागेको छ कि महामहिमले आफ्नो पत्रमा आश्वासन दिनु भएको छ कि नेपाली क्षेत्रभित्र पस्ने सशस्त्र तिब्बती विद्रोही डाँकुहरूलाई अन्तर्राष्ट्रिय कानुनअनुसार व्यवहार गरिएको छ र गरिनेछ। मलाई विश्वास छ कि चीन-नेपाल सिमान्त इलाकाबाट तिब्बती विद्रोही डाँकुहरू निर्मूल भएपछि हाम्रो दुई देशबीचको सिमान्त इलाकाको शान्ति सुरक्षित हुनेछ र हाम्रो दुई देशबीचको सीमा-सम्झौता सुचारु रूपले कार्यान्वित हुनेछ।

यो दुर्भाग्यपूर्ण घटनासम्बन्धमा भएको कार्यविधिको सिलसिलामा हाम्रा दुई देश बीच यातायातका द्रूत साधनहरू स्थापना गर्ने र दुई देशबीचको सीमालाई रेखाङ्कन गर्ने अत्यावश्यक कार्यलाई गहिरो अनुभव भएको छ। त्यसकारण म प्रस्ताव राख्दछु कि हाम्रा दुई सरकारले चाँडै एकले अर्काको राजधानीमा राजदूतावास स्थापना गरुन् र एकले अर्काको देशमा आकाशवाणी स्टेशन खडा गरी सोझै रेडियो सम्पर्क राखून्। यसबाहेक म यो पनि प्रस्ताव राख्दछु कि चीन-नेपाल संयुक्त सीमा समितिले चाँडै नै आफ्नो काम आरम्भ गरोस् र सीमा सम्झौताअनुसार दुई देशबीचको सीमा निर्धारण रेखाङ्कन होस्। मेरो हार्दिक आशा छ कि हालैको दुर्भाग्यपूर्ण घटना हाम्रो दुई देशबीच रहिआएको सम्बन्धको पृष्टभूमिमा एउटा मामुली अध्याय मात्र हुनेछ। र, चाँडै नै एउटा बितिसकेको कुरा हुनेछ तथा दुई सरकारले दुई देशको मैत्रीपूर्ण सम्बन्धबारे आश्वस्त रहन सक्नु पर्दछ। यसका लागि श्री ५ को सरकारले उठाएका हरेक कदमलाई चीन सरकारको पूर्ण सहयोग प्राप्त हुनेछ (बस्न्यात, वि.सं. २०७३)।

चाउ एन-लाई
प्रधानमन्त्री, गणतन्त्र चीन

घ) चिनियाँ प्रधानमन्त्री चाउ एन-लाईको उपरोक्त पत्रको उत्तरमा नेपालका प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले निम्न व्यहोरासहितको पत्र पठाउनु भयो।

महामहिम

प्रिय प्रधानमन्त्रीज्यू,

महामहिमको १२ जुलाई, १९६० को पत्र प्राप्त भयो र त्यसमा लेखिएका कुराहरू मैले राम्ररी सावधानीका साथ अध्ययन गरें।

सबभन्दा पहिले मुस्ताङ इलाकामा भएको सीमा दुर्घटनाबाट हुन गएको भौतिक क्षतिको क्षतिपूर्तिकोस्वरूप हामीले माग गरेको रु. ५० हजारको रकम जुन शीघ्रतासाथ चीन सरकारले चलान गऱ्यो, त्यसकालागि म धन्यवाद व्यक्त गर्न चाहन्छु। हाम्रो दुई देशबीचको मैत्रीलाई कायम गर्न र अझ सुदृढ गर्ने तपाईंको इच्छाको प्रमाणको रूपमा श्री ५ को सरकार क्षतिपूर्ति तिर्ने यस तत्परताको सऱ्हाना गर्दछ।

घटनास्थलको हकमा यस्तो देखिन्छ कि हाम्रो पक्षको मतान्तर छ। तर चिनियाँ सेनाको निम्नस्तरीय जवानहरूको असावधानीले त्यो घटना हुन गएको हो भनी चीन सरकारले भनेको र त्यसका लागि चीन सरकारले आफ्नो दायित्व बहन गरिसकेको कुरालाई दृष्टिगत राखि म तपाईंको विचारधारासँग सहमत छु कि घटनाबारे वाद-विवाद जारी राख्नुबाट कुनै लाभदायक उद्देश्य प्राप्त हुने छैन। तर म किटानसँग अङ्कित गराउन चाहन्छु कि उक्त घटना नेपाली क्षेत्रमा घटेको भन्ने अडान बदल्ने श्री ५ को सरकारले कुनै कारण देखेको छैन।

सीमानाबाट २० किलोमिटरको इलाकाभित्र चिनियाँ फौजको प्रवेशबारे जुन २६ तारिखको श्री ५ को सरकारलाई दिएको सूचनाको उल्लेख महामहिमको पत्रमा गरिएको छ। सैनिक कारवाही सुरु हुनुभन्दा एकदिन अगाडि मात्र सूचना दिएकोलाई महामहिले त्रुटी भनेर मान्नु भएको छ। यस सम्बन्धमा म यो याद दिलाउन चाहन्छु कि जुन २६ ता. का दिन सूचना पाउनेबित्तिकै तत्कालै श्री ५ को सरकारले आफ्नो मन्तव्य प्रकट गरेको छ कि चिनियाँ सरकारको यो एकतर्फी निर्णय सीमासम्झौतालाई उल्लङ्घन गरेको बराबर हो। त्यसकारण सैनिक कारवाही थोरै अवधिको सूचना दिई गरेकोमा चीन सरकारको त्रुटी भनी महामहिमले स्पष्ट स्वीकार गर्नु भएकोलाई सऱ्हाना गर्दै म यो पनि जोड दिएर भन्न चाहन्छु कि खुद एकतर्फी कारवाही नै चीन सरकारतर्फको एकतर्फी त्रुटी हो। महामहिमले अवश्य नै मञ्जुर गर्नु हुनेछ कि दुई सरकारमध्ये कुनैको पनि एकपक्षीय कारवाही सीमासम्झौताको शब्द मात्र होइन, भावनाको पनि निश्चय नै प्रतिकूल हो।

मैले यो पनि बोध गरें कि दमन कार्य जुलाईको आखिरीतिर समाप्त हुने अनुमान गरिएको छ र त्यसपछि तुरुन्तै चिनियाँ सेनाहरू २० किलोमिटरको असैनिककृत इलाकाभन्दा पर हटाइने छन्। यस सम्बन्धमा म यो दोहऱ्याउन चाहन्छु कि पछि जब-जब असैनिककृत इलाकामा फौज पठाउनु पर्ने आवश्यकता उत्पन्न हुन्छ त्यस बेला श्री ५ को सरकारको अनुमति लिएर मात्र फौज पठाइयोस्। आपसमा यसरी समीप स्थित र गाढा मैत्री भएका हाम्रा जस्ता दुई देशले सधैं पारस्परिक भलाइका लागि साथै काम गर्नु पर्दछ।

हाम्रो मैत्रीलाई अझ सुदृढ गर्ने विभिन्न तरिकाहरूको बारे म काठमाडौंमा चिनियाँ दूतावास स्थापना गर्ने दिशातर्फ जुन प्रगति भएको छ, त्यसमा सन्तोष व्यक्त गर्दछु। पेकिङमा नेपाली दूतावास स्थापना गर्ने विषयमा श्री ५ को सरकार सक्रिय सोचविचार गर्दैछ। एक-अर्काको राजधानीमा हामीहरूको दूतावास खडा भएपछि अरु विवरणहरू जस्तै रेडियो सम्पर्क स्थापना गर्नेबारे सजिलैसँग समाधान गर्न सकिने छ।

सायद महामहिमलाई नयाँ दिल्लीस्थित चिनियाँ दूतावासले सूचना पठाइसकेकै होला कि नेपाल-

चीन सीमा समितिका चिनियाँ सदस्यहरूको नामावलीलाई हामीले मञ्जुर गरिसकेका छौं र हामीले सुझाव दिएका छौं कि समितिको पहिलो बैठक काठमाडौंमा अगष्ट महिनाको पहिलो हप्ताभित्र हुन सक्दछ। यो मेरो उत्कट आशा छ कि उक्त समितिले चाँडैनै प्रचलित परम्परागत सीमानुसार दुई देशको बीच औपचारिक सीमा रेखाकङ्न र वैज्ञानिक सीमा निर्धारण गर्नेछ।

अन्त्यमा, म दोहराउँछु कि नेपाल-चीन मैत्री एसिया र विश्व शान्तिका लागि अत्यन्त महत्वको छ। त्यसकारण म तपाईँलाई आश्वासन दिन चाहन्छु कि हाम्रो सम्बन्धलाई दिन प्रतिदिन निकट र सबल तुल्याउन श्री ५ को सरकारले कुनै पनि कदम उठाउन बाँकी राख्ने छैन (देवकोटा, वि.सं. २०३३)।

## नेपाल सरकारको निष्कर्ष

प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले भने कि २०१७ साउन १८ गते 'मुस्ताङ काण्डको अध्याय समाप्त भएको छ र त्यसलाई कोट्याइरहनु हुँदैन। चीनले भविष्यमा आक्रमण गर्ला भन्ने आशङ्काको आधारमा परराष्ट्रनीति बनाउनु उचित हुँदैन। चीनसित साटोपाटो गरिएको नक्सा सम्वत् १९६६ मा हाम्रै नेपालीले सर्वेक्षण गरेर तयार पारेको हो र यसको रङ् लगाउने काम मात्र विदेशमा भएको हो। हाम्रो सीमा समस्या शान्तिपूर्ण तरिकाबाट सम्पन्न हुने आधार छ। असैनिककृत घोषित भएको २० किलोमिटरबाट चिनियाँ फौज हटिसकेको छ' भनेका थिए। प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले यसै दिन नेपाल र चीनको प्रधानमन्त्रीले हस्ताक्षर गरी साटासाट गरेको नेपालको नक्सा, जो सम्वत् १९६६ मा तैयार गरिएको भनिएको थियो, सभाको टेबलमा राखे। प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले २०१७ साल भदौ १२ 'मुस्ताङ क्षेत्रमा 'कोरल्हा' नामक स्थान छ र त्यो नेपाल सरहदभित्र पर्दछ। कुनै नक्साहरूमा 'कोरपास' को पनि उल्लेख छ, तर त्यो चाहिँ तिब्बतमा पर्दछ। केही दिनअघि घटेको अप्रिय सिमा घटना नेपाल-तिब्बत सीमाभन्दा ३ सय १० गज यता घटेको हो, तर 'कोरल्हा' को मतलब कोरपास हुन सक्ने हुनाले यो सन्देह भएको हुन सक्दछ। कोरल्हा र कोरपासको बीच ७ माइलको फासला छ' भन्ने धारणा राखेका थिए (देवकोटा, वि.सं. २०३३)।

## बमप्रसाद घटनाको नेपाल–चीन सम्बन्धमा प्रभाव

नेपाल भर्खरै राणा प्रशासनिक कडी कडाउबाट प्रजातन्त्रमा प्रवेश गरेको अवस्थामा नेपाल सरकार, नेता तथा विद्वान् वर्गसमेत पश्चिमाको रणनीतिमा जानकार थिएनन्। वि.सं. २००७ पछिको नेपालको राजनीतिक अवस्था यो अवस्थामा भारत, अमेरिका र दलाइ लामा बीच राम्रो मित्रता हुँदै गएको अवस्था देखिन्छ। चीनको तिब्बत प्रवेशले दलाइ लामा भागेर भारत पुगेको र उनले आफ्नो गुमेको राज्य फिर्ता गर्न अन्तर्राष्ट्रिय सहयोग जुटाउन खोज्नु स्वभाविक देखिन्छ। अर्कोतर्फ अमेरिका कम्युनिष्ट राजनीतिको कट्टर विरोधि र उसले चीनको छिमेकि मुलुकहरूमा व्यवस्था प्रचार नहोस् भनेर विभिन्न रणनीति गर्दै थियो। त्यसबेलाको भू-राजनीतिक अवस्थाले गर्दा दलाइ लामालाई साथ दिएर तिब्बतमार्फत् चीनलाई दुःख दिने र नेपालमा कम्युनिष्ट व्यवस्था छिर्न नदिन प्रयासरत थियो। उता भारतपनि नेपालमाथि आफ्नो पकड जमाउन चिनियाँ चलखेल देख्न

चाहन्नथ्यो। नेपालको आर्थिक अवस्था एकदम कमजोर रहेकोले सरकारले विकास गर्न र तलब भत्ता खुवाउनको लागि बजेटको व्यवस्था गर्न पनि मुस्किल स्थितिमा विदेशी सहयोग स्वीकार्नु बाध्यता पनि थियो। सुबेदार बमप्रसादको घटना घट्नु अगाडिदेखि नै अमेरिका र भारतले नेपाललाई विभिन्न सहयोग गर्दै आएका थिए। अनि अर्को सत्य के पनि हो भने दलाइ लामाका सेना "खम्पा" हरूको प्रवेश वि.सं. २००८ सालबाटै सुरु भयो। यो काममा नेपाल सरकारको समेत मौनता रह्यो। यो घटनाले पश्चिमा राष्ट्रको समेत चासो पाउंदा चीनले समेत यसलाई समाधान गर्न विलम्ब नगरेको देखियो। नेपाल सानो देस रहेर पनि सुबेदार बमप्रसाद मारिएको घटनालाई चीनतर्फको दोष रहेको अडानमा रही अन्ततः स्थिर कुटनैतिक अडानमै समस्या समाधान भएको छ। अर्को महत्त्वपूर्ण पाटो भनेको बमप्रसाद मारिनुको पृष्ठभूमि, कारण र चिनियाँ राष्ट्रिय स्वार्थलाई नेपालले ख्याल गर्न नसक्दा र नेपालमा खम्पाहरूको प्रवेश भै नै रहँदा पछि गएर नेपाली भूमिबाट खम्पाहरूले चीन विरुद्ध शसस्त्र कारबाही गर्न थाले। त्यसको रोकथामको लागि चीनको अनुरोधमा नेपालले अन्ततः वि.सं. २०३१ सालमा बृहत् सेना परिचालन गरेर खम्पा निशस्त्रीकरण कारवाही गर्नै पर्‍यो। बमप्रसाद मारिएको घटनाले नेपालको कुटनैतिक र सैनिक पाटोमा महत्पवपूर्ण पाठ छाडेको छ।

## निष्कर्ष

वि.सं. १९११ मा अन्तिम नेपाल-भोट युद्ध भएपछि वि. सं. २०१७ साल अर्थात् १०६ वर्षपछि चिनियाँ सेनाको बन्दूकले नेपाली सेना मरेको र यो सुबेदार बमप्रसाद मारिएको घटना इतिहासमा अति नै महत्त्वपूर्ण छ। यद्यपि, यो घटना नेपालको राष्ट्रिय इतिहासमा देखिएको छैन। खास भन्नु पर्दा यो घटनाको जिम्मेवार नेपाल पनि छ। किनकि, भारत, दलाई लामा र अमेरिकी योजनामा र अमेरिकी दवाबमा हजारौं दलाई लामाका समर्थक र उनैका सेनाहरू "खम्पा" नेपालको ओलाङ्चुङ गोलादेखि लिपुलेक इलाकासम्म हर्कत गर्दा र विभिन्न सैनिक क्याम्प राख्दा समेत नेपाल सरकार मौन रहनु ठूलो भुल थियो। अर्को संगिन कुरो भनेको खम्पाहरूकै कारणले चिनियाँ सेनाद्वारा सुबेदार बमप्रसाद मारिएपछि पनि नेपालमा खम्पा भित्रिने काम रोकिएन। जसको परिणाम खम्पाहरूले चिनियाँ भूभागमा सशस्त्र विद्रोह गर्न थालेपछि त्यसलाई रोक्न चीनकै अनुरोधमा नेपालले वि.सं. २०३१ सालमा बृहत खम्पा निसस्त्रीकरण सैनिक कारबाही नै गर्नुपर्‍यो। बमप्रसाद मारीएको घटनामा अन्तराष्ट्रिय केही लेखकहरूले संक्षिप्त उल्लेख गर्ने प्रयास गरेको पाईन्छ। तर नेपालको राष्ट्रिय इतिहास तथा नेपाली सेनाले प्रकाशन गरेको इतिहासमा समेत यो बिषय समेटिएको भेटिएन। अर्को देसको सेनाले बिना कारण नेपाली सेना मारिनुले ठुलो कुटनैतिक अर्थ राख्दछ। अर्को कुरा यो घटनाले नेपालको कुटनैतिक इतिहासमा नजिर समेत राखेको छ। किनकी, यो समस्याको समाधान नेपालले उच्च स्तरले गरेको छ। बमप्रसाद मारिनु, खम्पाहरूको नेपाल प्रवेशमा रोक नलाग्नु र चीनले त्यसको प्रतिकार गर्ने उपाय खोज्दै गर्दा पछि गएर नेपाल सरकार आफैले चीनको अनुरोधमा वि.सं. २०३१ सालमा खम्पा निशस्त्रीकरण कारबाही गर्नु पर्‍यो। बमप्रसाद मारीएको घटनाले नेपाल र छिमेकीहरू बीचको राष्ट्रिय स्वार्थमा सबैले विचार पुर्‍याउनु पर्छ भन्ने पाठ सिकाएको छ। यो घटना राष्ट्रिय इतिहास हो।

## सन्दर्भ सामाग्री

शर्मा, बालचन्द्र, (वि.सं. २०३३), नेपालको ऐतिहासिक रूप रेखा, कृष्णकुमारी देवी, बाराणशी ।

शर्मा, शिवप्रसाद, (वि.सं. २०४९), नेपालको सैनिक इतिहास, शाही नेपाली जंगी अड्डा, काठमाडौं ।

बस्न्यात, लक्ष्मी (वि.सं. २०७९ असोज ८), **सुबेदार बमप्रसादको खोजी**, नागरिक दैनिक, काठमाडौँ ।

देवकोटा, ग्रीष्मबहादुर (वि.सं. २०३३), नेपालको राजनीतिक दर्पण (भाग २), मैतिदेवीः ध्रुवबहादुर देवकोटा ।

बस्न्यात, प्रेमसिंह (वि.सं. २०७३), नेपाल-चीनः वाद विवाद र संवाद, मोहनसिंह खड्का, काठमाडौं ।

बस्न्यात लक्ष्मी (वि.सं. २०७९ असोज ८), "**सुबेदार बमप्रसादको खोजी**, नागरिक दैनिक, काठमाडौँ ।

Ghimire, Bijaya (2017). *Political History of Nepal* http://www.weallnepali.com/blogs/Bijaya-Ghimire/nepalipoliticalhistory

Samajkoawaj Online Television https://www.youtube.com/watch?v=8rTfZPR7tr0.

Basnyat, Premsingh (2020), Faults of India's Nepal Policy, *myrepublica* https://myrepublica.nagariknetwork.com/news/faults-of-india-s-nepal-policy/ Conboy, K. and Morrison, J. (2002), 'The CIA's secret War in Tibet'. Lawrence: University of Kansas Press.

Dhungel, R. (2002). The Kingdon of Lo Mustang. Tibet: Tashi Gephel Foundation.

Basnyat, P.S. (2007). 'Nepalese Army in Tibetan Khampa Disarming Mission' Kathmandu: Sarwochcha Man Singh Basnyat.

### अन्तर्वार्ता

बास्कोटा, लीलादेवी (वि .सं. २०७९ भाद्र १७), (स्व. सुबेदार बमप्रसादकी श्रीमती), मालअड्डा चोक, सुनसरी जिल्ला, इनरुवा ।

सिलवाल, भक्तबहादुर (वि. सं. २०७९ भाद्र १५), पेरिस डाडाँ, काठमाडौं, मा.न.पा. ।